# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०१।२२ गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी कृष्णमोहन प्रसाद साहसमेत रहेको गैरकानुनी लाभ वा हानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला सर्लाही, धनकौल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णमोहन प्रसाद साहसमेतका प्रतिवादीहरू उपर धनकौल गाउँपालिका वडा नं. ६ को कृषि बाटो निर्माण योजनामा भए गरेको भन्दा बढी काम भए भनी झुट्टा बिल भरपाई बनाई रु.७,७९,२०५।- बढी भुक्तानी दिई लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा रु.७,७९,२०५।- (सात लाख उनासी हजार दुई सय पाँच रुपैंया) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुलउपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८२।०९।१६ को फैसलाबाट सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८३।०१।२२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने